प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

प्रदेश नं. १

# प्रदेश प्रशिक्षण केन्द्र

कलवलगुरी, भद्रपुर १०, झापा

## परामर्शदाताका लागि आशयपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७।०९।१३)

यस केन्द्रको चालु आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तहसँग समन्वय र सहकार्य गरी तपसिलका विषयहरुमा कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सो कार्य गर्न इच्छुक योग्यता पुगेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहायका कागजातहरु सहित रीतपूर्वक आशयपत्र पेश गर्न सार्वजनिक खरिद ऐनको दफा ३० र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ७० बमोजिम यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका इच्छुक परामर्शदाता वा संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस केन्द्रमा आइपुग्ने गरी रीतपूर्वकको आशयपत्र पेश गर्न अनुरोध गरिन्छ । तोकिएको समय व्यतित भई प्राप्त भएका र रीत नपुगेका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपसिल**

**(क) विशेषज्ञ सेवा प्रदान गर्ने विषयहरुः**

१. स्थानीय तहको आवधिक योजना (Periodic Plan) तर्जुमा ।

२. स्थानीय तहको संस्थागत क्षमता विकास योजना (Capacity Development Plan) निर्माण ।

३. स्थानीय तहको संस्थागत स्वमुल्यांकन (LISA)

४. स्थानीय तहको आन्तरिक राजस्व सुधार कार्य योजना (Revenue Improvement Action Plan) निर्माण ।

५. स्थानीय तहको लैंगिक उत्तरदायी तथा सामाजिक समवेशीकरण परिक्षण (GESI Audit) ।

६. स्थानीय तहमा सार्वजनिक उत्तरदायित्व पद्दतिका कार्यक्रम संचालन ।

७. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई मध्यकालीन खर्च संरचना (MTEF) तयारी सम्बन्धी अनुशिक्षण

८. स्थानीय तहको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण (GESI Mainstreaming) प्रक्रिया सहजीकरण ।

९. स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणालीमा सहजीकरण ।

१० प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता विकास कार्यक्रम ।

**(ख) आवश्यक कागजात**

१. रीतपूर्वक दिईएको ढाँचामा आधिकारिक निवेदन (माथि उल्लेखित मध्ये आफूले कार्य गर्न चाहेको क्षेत्रको छुट्टाछुट्टै स्पष्ट खुल्ने गरी उल्लेख भएको) ।

२. फर्म, संस्था वा कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

३. मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र ।

४. आ.वा. २०७६/७७ को लेखा परीक्षण प्रतिवेदन ।

५. आ.व. २०७६/७७ सम्मको करचुक्ता प्रमाणपत्र ।

६. आवश्यक इजाजतपत्र ।

७. फर्म, संस्था, व्यक्ति वा कम्पनी तथा प्रस्तावित जनशक्तिको सम्बन्धित क्षेत्रको कार्य अनुभव र कार्यक्षमता खुल्ने कागजात ।

८. कालोसूचीमा नरहेको स्वघोषणा ।

९. दुई वा दुई भन्दा बढी फर्म, संस्था वा कम्पनीले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म, संस्था वा कम्पनीको नाम, ठेगाना, विवरण र मुख्य भई काम गर्ने फर्म, संस्था वा कम्पनी नाम ।

१०. सम्पर्क व्यक्तिको नाम, ठेगाना, फोन, इमेल ।

(ग) आशयपत्र साथ पेश भएका फर्म, संस्था वा कम्पनीका आधिकारिक कागजातहरुमा उल्लेखित विवरणको मुल्यांकन गरी संक्षिप्त सूची तयार गरिने छ र मूल्यांकनका आधारमा मथिल्लो श्रेणी (Merit Basis) मा पर्ने संस्थालाई प्राविधिक तथा आर्थिक प्रस्तावना मार्फत प्रतिष्पर्धाको लागि आव्हान गरिने छ ।

(घ) व्यक्तिको हकमाः

माथि प्रस्तुत बुँदा (क) ६,७, ८,९ र १० का क्षेत्र/विषयमा क्षमता बिकासका कार्यक्रमको सहजीकरण/विशेषज्ञ परामर्श सेवा प्रदान गर्न इच्छुक व्यक्तिले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम आवश्यक कागजात सहित अनुसूची २(क) बमोजिम रितपुर्वकको ढाँचामा तोकिएको मिति भित्र पेश गर्नु पर्नेछ ।

**निवेदन पेश गर्ने ठेगानाः**

**प्रदेश प्रशिक्षण केन्द्र, प्रदेश न. १**

**कलवलगुरी, भद्रपुर १०, झापा**

**इमेलः pcgg.p1@plgsp.gov.np;**

वेबसाइटः ocmcm.p1.gov.np

सम्पर्क फोन न. ९८५१२३९७०१, ०२३-४५५१०८